# नेपाल पशु चिकित्सा परिषद्
# (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्वन्धी न्यूनतम मापदण्ड) नियमावली, २०६३


**नेपाल पशु चिकित्सा परिषद्**

(नेपाल पशु चिकित्सा परिषद् ऐन २०५५ अन्तर्गत स्थापित)

**भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर**

**पोष्ट वक्स नं. २१६५५**

**काठमाण्डौं, नेपाल**

**फोन नं.४२५९१४४, ४२६१२१०**

**इमेल:** info@nvc.com.np

# नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशुपालन स्नातक तह उपाधि सम्बन्धी न्युनतम मापदण्ड) नियमावली, २०६३

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी परिषद्ले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरू वनाएको छः-

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यी नियमहरूको नाम "नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारवाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) "ऐन" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "पशु चिकित्सा कोर्ष" भन्नाले पशु चिकित्सा तथा पशु पालन विषयमा स्नातक तहमा अध्ययन गर्ने गराउर्ने कोर्ष सम्झनु पर्छ ।

(ग) "शिक्षण संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई परिषद्वाट मान्यता प्राप्त विश्व विद्यालयवाट स्वीकृत पशु चिकित्सा कोर्ष पठन पाठन गराउने शैक्षिक प्रतिष्ठान सम्झनु पर्छ ।

(घ) "विद्यार्थी" भन्नाले पशु चिकित्सा कोर्ष अध्यापन गराउने शिक्षण संस्थामा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ ।

(ङ) "सेमेस्टर" भन्नाले परिक्षा संचालन हूने दिन र विदाको दिन वाहेक कम्तिमा ९० दिनको पठन पाठन भएको शैक्षिक अवधि सम्झनु पर्छ ।

(च) "पशु चिकित्सा शिक्षण अस्पताल" भन्नाले परिषद्वाट मान्यता प्राप्त पशु स्वास्थ्य, पशु उत्पादन वा प्रविधि संग सम्वन्धित पशु चिकित्सा शिक्षण अस्पताल सम्झनु पर्छ र सो शव्दले कुनै शिक्षण संस्थाले लिखित सम्झौता गरी सम्वन्ध स्थापना गरेको कुनै सरकारी, अर्धसरकारी वा गैर सरकारी पशु अस्पताल समेतलाई जनाउंछ ।

(छ) "प्रतिहप्ता पाठघण्टा" भन्नाले सम्वन्धित विश्वविद्यालयवाट स्वीकृत तथा परिषद्वाट मान्यता प्राप्त पशु चिकित्सा कोर्षको पाठ्यक्रम अनुरूप कुनै खास विषयको वार्षिक पाठको आधारमा एक हप्ताको लागि निर्धारित पठन पाठन कार्यको ईकाइ सम्झनु पर्छ ।

३. **<u>पशु चिकित्सा कोर्षको विवरण</u>**: (१) नेपालमा संचालन हुने गरी पशु चिकित्सा कोर्ष अध्यापन गर्ने प्रत्येक शिक्षण संस्थाले आफ्नो कोर्षमा पुरा पांच शैक्षिक वर्षको पाठ्यक्रम र इन्टर्नशिपको विस्तृत विवरण सहितको सिलेबस समावेश भएको हुनु पर्नेछ ।

(२) पशु चिकित्सा कोर्षको सिलेवस (पाठ्य विवरण): अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **पाठ्यक्रमका विषयहरू:** पशु चिकित्सा कोर्ष संचालन गर्ने शिक्षण संस्थाले देहायका विषयमा आधारित पाठ्यक्रम निर्धारण गरेको हुनु पर्नेछ:

(क) भेटेरिनरी एनाटोमी एण्ड हिस्टोलोजी

(ख) भेटेरिनरी फिजिओलोजी

(ग) भेटेरिनरी वायोकेमेष्ट्री

(घ) भेटेरिनरी फर्माकोलाजी एण्ड टक्सीकोलोजी

(ङ) भेटेरिनरी पारासाइटोलोजी

(च) भेटेरिनरी माइक्रोवायोलोजी

(छ) भेटेरिनरी प्याथोलोजी

(ज) भेटेरिनरी पब्लिकहेल्थ

(झ) एनिमल न्यूट्रिसन

(ञ) एनिमल ब्रिडिंग एण्ड जेनेटिक्स इन्क्लुडिंग वायोस्टाटिस्टिक्स

(ट) लाइभष्टक प्रोडक्शन एण्ड मेनेजमेण्ट

(ठ) लाइभष्टक प्रोडक्स्ट टेक्नोलोजी

(ड) एनिमल रिप्रोडक्सन, गायनाकोलोजी एण्ड अव्स्टेट्रिक्स

(ढ) भेटेरिनरी सर्जरी एण्ड रेडियोलोजी

(ण) क्लिनिकल भेटेरिनरी मेडिसिन इन्क्लुडिंग इथिक्स एण्ड जुरिसप्रुडेन्स

(त) भेटेरिनरी इपिडिमियोलोजी एण्ड प्रिभेन्टिभ मेडिसिन

(थ) भेटेरिनरी एन्ड एनीमल हस्बेन्ड्री एक्स्टेन्सन

५. **पाठ्यक्रमको संकेत:** सम्बन्धित विश्वविद्यालयले पशु चिकित्सा कोर्सको पाठ्यक्रममा बिषय, बर्ष, सेमेष्टर तथा पाठ्यक्रमको संख्या समेतलाई बुझाउने गरी छोटकरीमा संकेतद्वारा जनाउन सक्नेछ ।

६. **<u>प्रतिहप्ता पाठघण्टाको विभाजन:</u>** (१) पशु चिकित्सा कोर्स अध्यापन गराउने शिक्षण संस्थाले सम्बन्धित विश्वविद्यालयबाट स्वीकृत तथा परिषद्‌बाट मान्यता प्राप्त पाठ्यक्रमलाई कम्तिमा देहाय अनुसारको प्रतिहप्ता पाठघण्टामा विभाजन गरिएको हुनु पर्नेछ :

| सेमेस्टर | सैद्धान्तिक | व्यवहारिक | जम्मा |
|---|---|---|---|
| पहिलो | १० | ८ | १८ |
| दोश्रो | १२ | ८ | २० |

| | | | |
|---|---|---|---|
| तेश्रो | १३ | ९ | २२ |
| चौथो | १३ | १० | २३ |
| पांचौ | १३ | १० | २३ |
| छैठो | १३ | ८ | २१ |
| सातौं | ११ | ९ | २० |
| आाठौं | १४ | ७ | २१ |
| नवौं | ५ | ९ | १४ |
| जम्मा | १०४ | ७८ | १८२ |

(२) प्रतिहप्ता पाठघण्टा सहित पशु चिकित्सा कोर्षको पाठयक्रम अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **<u>पशु चिकित्सा शिक्षण अस्पताल</u>:** (१) पशु चिकित्सा कोर्ष संचालन गर्ने कुनै पनि शिक्षण संस्था संग देहायको सुविधा उपलब्ध भएको पशु चिकित्सा शिक्षण अस्पताल हुनु पर्नेछः

(क) कम्तिमा दैनिक औसत पच्चीस वटा वहिरङ्ग विरामी पशुको उपचार गर्न तथा दश वटासम्म विरामी पशु भर्ना गरी राख्न सक्ने,

(ख) विरामी पशु राख्ने ठाउं, आकस्मिक सेवा, अन्तरङ्ग सेवा, सवै प्रकारको मेडिकल, सर्जिकल र गाइनोकोलोजी सेवा संचालन र तालिम तथा प्रदर्शन गर्न सक्ने,

(ग) कृत्रिम गर्भाधान गर्ने, गर्भरहे नरहेको हेर्ने भेरिफिकेशन जांच गर्ने, प्रोफिल्याक्सिस समेतको आन्तरिक स्वास्थ्य जांच गर्ने सम्वन्धि छुट्टै सुविधा भएको,

(घ) पशु चिकित्सा शिक्षण अस्पतालमा आउने रोगी पशु पंक्षिहरूको रोगको अन्वेषण, पहिचान, उपचार जस्ता विवरण सहितको अध्यावधिक अभिलेख उपलब्ध गराउन सक्ने सुविधा भएको,

(ङ.) पशु चिकित्सा शिक्षण अस्पतालमा ल्याइएका विरामी पशुका धनिलाई विरामी पशु अस्पतालमा ल्याउन प्रेरित गर्ने किसिमवाट प्रोत्साहित गर्ने कार्यक्रम भएको ।

(२) कुनै शिक्षण संस्थाले लिखित सम्झौता गरी आफु नजिकै रहेको अन्य कुनै सरकारी वा गैर सरकारी पशु अस्पताललाई पशु चिकित्सा शिक्षण अस्पतालको रूपमा संचालन तथा प्रयोग गर्न सक्नेछ ।

८. **<u>इन्टर्नशिप सम्वन्धि व्यवस्था</u>:** (१) पशु चिकित्सा कोर्षको आठौं सेमेष्टरसम्मका सम्पुर्ण परीक्षा उत्तीर्ण गरेको र नवौं सेमेष्टरको परीक्षामा सहभागी भएको प्रत्येक विद्यार्थीले देहायका विषय र

कार्यमा कम्तिमा छ महिना अवधिको इन्टर्नशिपमा सहभागी हुनु पर्नेछ । त्यस्तो इन्टर्नशिप पशु चिकित्सा शिक्षण अस्पताल वा पशु अस्पतालमा संचालन गरिनेछ ।

(क) भेटेरिनरी मेडिसिन, सर्जरी एण्ड रेडियोलोजी, एनिमल रिप्रोडक्सन, गाइनाकोलोजी एण्ड अब्स्टेट्रिक्स, क्लिनिकल इमर्जेन्सीज, इन्डोर वार्ड केयर, हस्पिटल म्यानेजमेण्ट र रोग निदान प्रयोगशाला प्रविधि, रेकर्ड किपीङ्ग आदि विषय समेटिएको कम्तिमा ३ महिनाको क्लिनिकल अभ्यास ।

(ख) फार्म रूटिङ्ग अफ क्याटल एण्ड वफेलो फार्मस, पिगरी एण्ड रेविटरी, सिप एण्ड गोट फार्मस, इकवाइन याक यूनिट, लेयर एण्ड ब्रोइलर प्रोडक्सन, ह्याचरी एण्ड चिक मेनेजमेण्ट, कोयल, टर्की, डक यूनिटका साथै फिसरी अथवा सम्भव हुन सक्ने अन्य कुनै रिसाईक्लिन यूनिट समेत समेटिएको कम्तिमा एक महिनाको लाईभस्टक एण्ड पोल्ट्री प्रोडक्सन एण्ड मेनेजमेण्ट सम्वन्धी अभ्यास ।

(ग) फेमेलियराइजेशन इन बायोलोजिकल प्रोडक्शन युनिटस, डिजिज कन्ट्रोल क्याम्पेन, डिजिज इनभेस्टिगेशन एण्ड स्याम्पल कलेक्शन एण्ड डिस्प्याच, भ्याक्सिनेशन, मास टेस्टिड्स ईत्यादी), ट्रेनिङ इन मिट प्लाण्टस, मिल्क प्लाण्टस इत्यादी, ट्रेनिङ इन जू वाइल्डलाइफ सेण्टर नेशनल पार्क समेत समेटिएको कम्तीमा एक महिनाको लाइभस्टक टेक्नोलोजी एण्ड सर्भिस सम्वन्धी अभ्यास ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम ईन्टर्नशिप सम्वन्धी अभ्यास पूरा गरेपछि उक्त अवधिभर गरेका कार्यहरू र सो संग सम्बन्धित तथ्यांक सहितको अनुसन्धानात्मक कार्यको अन्तिम प्रतिवेदन कम्तीमा एक महिनाभित्र तयार गरी सम्वन्धित शिक्षण संस्थाले गठन गरेको इन्टर्नशिप सल्लाहकार समिति समक्ष प्रस्तुति ।

(२) कुनै मनासिव कारण परी ईन्टर्नशिपमा सहभागी भएको विद्यार्थी उक्त अवधिमा गैरहाजिर रहनु परेमा वा सो अवधिमा निजवाट सम्पादित कार्य सन्तोषजनक नभएमा सुपरिवेक्षकको सिफारिसमा सम्वन्धित शिक्षण संस्थावाट गठन गरिएको इन्टर्नशिप सल्लाहकार समितिले त्यस्तो विद्यार्थीको इन्टर्नशिपको अवधि वढीमा दुई महिनासम्म थप गर्न सक्नेछ ।

तर ईन्टर्नशिप अवधिको मध्यावधि मूल्यांकनमा सहभागी नभएका र ईन्टर्नशिपको कुल अवधिभरमा पन्ध्र दिनभन्दा वढी अनुपस्थित रहेका विद्यार्थीहरूले पुन: पूरै अवधिको इन्टर्नशिप गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम इन्टर्नशिपमा सहभागी हुने विद्यार्थीको कार्यको सम्वन्धित विश्वविद्यालयवाट तोकिएको प्रध्यापक वा पशु चिकित्सकले अनुगमन र सुपरिवेक्षण गर्नेछ ।

(४) ईन्टर्नशिपमा सहभागी प्रत्येक विद्यार्थीले आफूले गरेको दैनिक कार्यको विवरण तयार गरी सम्वन्धित सुपरीवेक्षकवाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(५) इन्टर्नशिपको कार्य पूरा भएपछि उपनियम ४ बमोजिम प्रमाणित दैनिक कार्यविवरण र इन्टर्नशिपको अन्तिम प्रतिवेदन समेतको आधारमा सम्वन्धित शिक्षण संस्थाले पशु चिकित्सा कोर्ष सम्पन्न भएको ब्यहोरा सम्वन्धित विश्वविद्यालयमा लेखी पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम सम्वन्धित शिक्षण संस्थावाट लेखि आएपछि सम्वन्धित विश्व विद्यालयले प्रवजन प्रमाणापत्र (प्रोभिजनल सर्टिफिकेट) प्रदान गर्ने छ र सोही आधारमा विश्व विद्यालयले आफ्नो कार्य तालिका अनुसार उपाधि प्रदान गर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रवजन प्रमाणपत्र (प्रोविजनल सर्टिफिकेट) प्राप्त गरेको ब्यक्तिले परिषद् समक्ष नाम दर्ताको लागि परिषद्ले तोकेको कागजात सहित निवेदन दिनु पर्नेछ र परिषद्ले आवश्यक प्रक्रिया पुरा गरी आवधिक नाम दर्ता गरि दिनेछ ।

९. **<u>भर्नाको लागि योग्यता</u>:** पशु चिकित्सक कोर्षमा भर्ना हुन चाहने ब्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछः

(क) भर्ना हुने समयमा १७ वर्ष उमेर पुरा भएको

(ख) मान्यता प्राप्त शिक्षण संस्थावाट भौतिक विज्ञान (फिजिक्स), रसायन विज्ञान (केमेस्ट्रि) जिव विज्ञान (वायोलोजी) र अंग्रेजी विषयलिई प्रविणता प्रमाणपत्र तह वा उच्च माध्यामिक परिक्षा १० जोड २ मा न्यूनतम ५० प्रतिशत अंक हासिल गरेको,

(ग) शिक्षण संस्थाले विद्यार्थी भर्नाको लागि छनौंट गर्न लिने प्रवेश परिक्षामा न्यूनतम ५० प्रतिशत अंक हासिल गरेको ।

१०. **<u>विद्यार्थी छनौंट</u>:** (१) शिक्षण संस्थाले पशु चिकित्सक कोर्षमा विद्यार्थी छनौंट गर्दा नियम ५ बमोजिमको योग्यता पुरा गरेका आवेदकहरू मध्येवाट प्रतियोगितात्मक लिखित परिक्षा लिई उपनियम (२) को आधारमा योग्यता सूची (मेरिट लिस्ट) तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता सूची (मेरिट लिस्ट) तयार गर्दा देहायका आधारलाई एकशय अंक मानि गर्नु पर्नेछ ।

(क) असी अंकको मूल्यांकन प्रवेश परिक्षामा प्राप्त गर्ने अंकवाट ,

(ख) दश अंकको मूल्यांकन प्रविणता प्रमाणपत्र तह वा उच्च माध्यामिक परिक्षा (१०+२) मा प्राप्त गरेको अंकवाट र

(ग) दश अंकको मूल्यांकन प्रवेशिका परिक्षा (SLC) मा प्राप्त गरेको अंकवाट ।

(३) एउटै विश्व विद्यालय र सो अन्तर्गतका शिक्षण संस्थामा उपनियम (१) बमोजिमको प्रवेश परिक्षा एकै पटक संचालन गर्न सकिनेछ ।

(४) प्रत्येक शिक्षण संस्थाले उपेक्षित, दलित, जनजाती, महिला र भौगोलिक क्षेत्र समेतको लागि प्रवेश परिक्षामा प्राप्त गरेको अंकको आधारमा छुट्टा छुट्टै योग्यता सूची (मेरिट लिस्ट) बनाई प्रत्येकवाट कम्तिमा २ प्रतिशत विद्यार्थी भर्ना गर्नु पर्नेछ ।

११. **<u>शैक्षिक वर्षको अवधि र मूल्यांकन:</u>** (१) एक शैक्षिक वर्षमा परीक्षाको लागि लाग्ने समय वाहेक कम्तिमा एक सय असि दिन (दुई समेष्टर) को अवधि पठन पाठन गरिएको हुनु पर्नेछ

(२) एउटा सेमेस्टरको मुल्यांकन सो सेमेस्टर समाप्त भएको वढीमा एकशय दिन भित्रमा गरि सक्नु पर्नेछ ।

१२. **<u>परिक्षाको मूल्यांकन:</u>** (१) शिक्षण संस्थाले पशु चिकित्सक कोर्षको सैद्धान्तिक तथा ब्यवहारिक पक्षको मूल्यांकनको लागि छुट्टा छुट्टै परिक्षा संचालन गर्नु पर्नेछ । त्यस्तो परिक्षामा उत्तिर्ण हुनको लागि परिक्षार्थीले न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक परिक्षा चालू सेमेष्टरको पाठ्यक्रमको ५० प्रतिशत पठन पाठन पूरा भएपछि र अन्तिम परिक्षा पठन पाठन पुरा भएपछि संचालन गर्नु पर्नेछ ।

(३) सेमेष्टरको अन्तिम परिक्षामा सहभागी हुन प्रत्येक परिक्षार्थीले सैद्धान्तिक तथा ब्यवहारिक दुवै कक्षामा कम्तिमा ७५ प्रतिशत उपस्थिति पुरा गरेको हुनु पर्नेछ ।

(४) विद्यार्थीको मूल्यांकनगर्दा प्रत्येक विषयको कूल पूर्णाङकवाट सैद्धान्तिक पक्षका लागि छुट्याइएको अंकको २० प्रतिशत अंक आन्तरिक मूल्यांकनवाट र वांकी ८० प्रतिशत अंक तथा ब्यवहारिक पक्षकालागि छुट्याइएको अंकको मूल्यांकन सम्वन्धित विश्व विद्यालयवाट संचालन हुने परिक्षावाट गरिनेछ । यसरी लिइएको दुवै परिक्षाको अंक लब्धांक पत्रमा स्पष्ट देखाउनु पर्नेछ ।

१३. **<u>प्रश्न पत्र निर्माता तथा परिक्षकको योग्यता:</u>** (१) पशु चिकित्सा कोर्षमा स्नातक तहको अध्ययनको क्रममा परिक्षाको लागि प्रश्नपत्र निमार्ण गर्ने ब्यक्ति तथा त्यस्ता परीक्षाको परिक्षकको रूपमा काम गर्ने ब्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी उप-प्रध्यापक पदमा कम्तीमा तीन वर्ष अनुभव भएको वा

(ख) सम्वन्धित विषयमा विद्यावारिधी उपाधि प्राप्त गरी सोही क्षेत्रमा अध्यापन वा अनुसन्धानमा कार्यरत रहेको वा

(ग) खण्ड (क) वा (ख) बमोजिमको योग्यता प्राप्त गरी सरकारी, गैर सरकारी वा निजीक्षेत्रमा कार्यरत रही अनुभव प्राप्त गरेको ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि पशु चिकित्सा कोर्ष अध्यापन गराउने कुनै शिक्षण संस्थाले उक्त शिक्षण संस्थामा अध्यापन र कुनै शिक्षकलाई आन्तरिक परिक्षकको रूपमा काममा लगाउन सक्नेछ ।

१४. **<u>विद्यार्थीको स्थानान्तरण:</u>** (१) कुनै एक शिक्षण संस्थामा अध्ययनरत विद्यार्थी पशु चिकित्सा कोर्ष अध्यापन गराउने अर्को कुनै शिक्षण संस्थामा स्थानान्तरण हुन चाहेमा निजले आफु अध्ययन गरेको शिक्षण संस्थामा कारण सहित निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा शिक्षण संस्थाले निवेदन दिने विद्यार्थी स्थानान्तरण हुन चाहेको शिक्षण संस्थामा स्वीकृत पशु चिकित्सा कोर्षमा समानता भए नभएको विचार गरी स्थान्तरणको अनुमति दिन सक्नेछ ।

तर देहायको अवस्थामा स्थानान्तरणको अनुमति दिईने छैन:

(क) प्रयोगात्मक विषयको तालिम अवधिभर र

(ख) एक शैक्षिक वर्षको अवधिभरमा उक्त शिक्षण संस्थाको स्नातक तहमा स्वीकृत विद्यार्थी संख्याको वढीमा पांच प्रतिशत

(३) यस नियम बमोजिम स्थानान्तरणको अनुमति प्रदान गरिएकोमा सोको सूचना सम्वन्धित शिक्षण संस्थाले सम्वन्धित विश्वविद्यालय र परिषद्मा पठाउनु पर्नेछ ।

**१५. <u>न्यूनतम आवश्यकताको निर्धारण</u>:** (१) पशु चिकित्सा कोर्ष अध्यापन गराउने शिक्षण संस्थामा हुनु पर्ने आवश्यक पूर्वाधार, उपकरण र शैक्षिक तथा अन्य जनशक्ति सम्वन्धी न्यूनतम मापदण्ड अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

(२) पशु चिकित्सा कोर्ष अध्यापन गराउने शिक्षण संस्थामा रहनु पर्ने न्यूनतम विषयगत विभागहरू र त्यस्ता विभागहरूमा अध्यापन गरिने न्यूनतम विषयहरू अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

तर शिक्षण संस्थाले आवश्यकता अनुरूप थप विभागहरू राख्न सक्नेछ ।

(३) यस नियम बमोजिम परिषद्वाट निर्धारण गरिएको न्यूनतम आवश्यकता तथा मापदण्ड पूरा नगरेका शिक्षण संस्थावाट प्रदान गरिएको उपाधिलाई परिषद्ले मान्यता प्रदान गर्ने छैन ।

**१६. <u>निर्देशन दिन सक्ने</u>:** परिषद्ले पशु चिकित्सा कोर्ष अध्ययन गराउने शिक्षण संस्थालाई सोको पाठ्यक्रम र सिलेवसका सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

**१७. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u>:** परिषद्ले आवश्यक ठानेमा अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**१८. <u>वाधा अड्काउ फुकाउने</u>:** यो नियमावली कार्यान्वयन गर्ने सिलसिलामा कुनै वाधा अड्काउ परेमा ऐन र यो नियमावलीको अधिनमा रही परिषद्ले ब्याख्या गरे बमोजिम हुनेछ ।

**१९. <u>खारेजी र बचाउ</u>:** (१) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्वन्धी न्यूनतम मापदण्ड नियमावली, २०५८ खारेज गरिएको छ ।

(२) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्वन्धी न्यूनतम मापदण्ड नियमावली, २०५८ बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।